मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## अर्यालको नेतृत्वमा नयाँ कार्यसमिति चयन

हेटौंडा, ३० चैत/मकवानपुरको मनहरी गाउँपालिका-९ र जैयास्थित ओम् श्रीवातावरण शुद्धिकरण अभियान अग्निहोत्राश्रममा माइकल रामचन्द्र अर्यालको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरिएको छ । २०६८ भाद्र २० गते विधिवत्‌रुपमा जिल्ला प्रशासन कार्यालय मकवानपुरमा दर्ता भएको आश्रमको अध्यक्ष नवराज पोखरेललगायत पदाधिकारी र सदस्यहरुले दिएको राजीनामा स्वीकृत भएसँगै अर्यालको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरिएको हो । समितिको उपाध्यक्ष कल्याणी कुँवर, सचिव भीमसेन महत, कोषाध्यक्ष सविन काफ्ले चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा बद्रीप्रसाद न्यौपाने, अरुणराज सुमार्गी, विष्णु खनाल, रोशनी महत र प्रितीकुमारी झा चयन भएका छन् । आश्रमका संरक्षक डा.सीताराम खनालले विधानको धारा १४ प्रयोग गरी नयाँ कार्यसमिति गठन गरेका हुन् । साधारणसभाबाट अर्को समितिचयन नहुँदासम्म विधानअनुरुप नै कार्य गर्ने गरी नयाँकार्यसमितिलाई जिम्मेवारी दिइएको छ ।

### बागमती प्रदेशमा नयाँ उद्योग दर्ता घट्दो क्रममा


# २०८१ फागुन मसान्तसम्म कुल ४ हजार २५५ वटा उद्योग दर्ता

साझाकुरा संवाददाता

हेटौंडा, ३० चैत/ बागमती प्रदेशमा नयाँ उद्योग दर्ता हुने दर घट्दो क्रममा रहेको छ । उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको तथ्यांकअनुसार प्रदेशमा पछिल्लो चार वर्षयता नयाँ उद्योग दर्ता हुने दर भने, निरन्तर घट्दो क्रममा रहेको छ ।

मन्त्रालयको तथ्यांक अनुसार आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ पछि जिल्लामा वर्षेनी नयाँ उद्योग दर्ता हुने दर घट्दै गएको हो । आर्थिक वर्ष २०७६/७७ मा प्रदेशका विभिन्न जिल्लामा कुल ११ हजार ८६४ दर्ता भएकोमा आर्थिक वर्ष २०७७/७८ मा त्यो संख्या बढेर १६ हजार ४९८ वटा उद्योग दर्ता भएको थियो । त्यसयता वर्षेनी नयाँ उद्योग दर्ताको घट्दो क्रममा रहेको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

तथ्यांकअनुसार त्यसयता आर्थिक वर्ष २०७८/७९ मा ११ हजार ६६७, आर्थिक वर्ष २०७९/८० मा ८ हजार ६४०, आर्थिक वर्ष २०८०/८१ मा ६ हजार ५४३ र २०८१ को फागुन मसान्तसम्म कुल ४ हजार २५५ वटा मात्र उद्योग दर्ता भएको मन्त्रालयका प्रवक्ता सुनिता गजुरेलले जानकारी दिइन् । गजुरेलका अनुसार चालु आर्थिक वर्षको फागुन मसान्तसम्म सिन्धुलीमा १ सय ३२ वटा घरेलु तथा साना उद्योग दर्ता भएका छन् भने रामेछापमा ६१, दोलखामा १ सय ८१ र सिन्धुपाल्चोकमा ४० वटा घरेलु तथा साना उद्योग दर्ता भएको छ । काभ्रेमा ३ सय ७०, भक्तपुरमा १ हजार १ सय २४ र ललितपुरमा ३ सय ५७ साना उद्योग दर्ता भएका छन् ।




सबैभन्दा धेरै काठमाडौंमा १ हजार २ सय ५३ उद्योग दर्ता हुँदा सबैभन्दा कम रसुवामा ३१ वटा मात्रै नयाँ उद्योग दर्ता भएका छन् । नुवाकोटमा १ सय, मकवानपुरमा २ सय ९६, चितवनमा २ सय १३ र धादिङमा ९४ नयाँ उद्योग दर्ता भएको मन्त्रालयका प्रवक्ता गजुरेलले जानकारी दिइन् ।

प्रदेशको क्षेत्राधिकारभित्र पर्ने उत्पादनमूलक, कृषि तथा वनपैदावार, ऊर्जामूलक, निर्माण, पर्यटन, सूचना, प्रसारण तथा सञ्चारप्रविधि, सेवामूलक र खनिजसम्बन्धी कुल ४ हजार २ सय ५५ वटा साना तथा मझौला उद्योग दर्ता भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयको तथ्यांक अनुसार यस अवधिमा प्रदेशको १३ जिल्लास्थित उद्योग तथा वाणिज्य कार्यालयमा ४ हजार २५३ र उद्योग वाणिज्य तथा उपभोक्ता हितसंरक्षण निर्देशनालय हेटौंडामा ३ गरी कूल ४ हजार २५५ वटा नयाँ उद्योग दर्ता भएका छन् । मन्त्रालयको तथ्यांकअनुसार प्रदेशभित्र आर्थिक वर्ष २०७६/७७ यता हालसम्म कुल ६० हजार २५१ साना र ३ वटा मझौला उद्योग दर्ता भएको छ । ती उद्योगमा एक लाख ५५ हजार ३९३ जनाले प्रत्यक्षरुपमा रोजगारी पाइरहेको छन् ।

कृषि तथा वनपैदावरमा आधारित उद्योग १९ हजार १९४ वटा दर्ता भएका छन् जसमा ५९ हजार ९ सय ६३ जनाले रोजगारी पाएका छन् । त्यसैगरी उत्पादनमूलक उद्योग १० हजार ९६३ वटा भएकोमा ३९ हजार ३ सय २४ जनाले रोजगारीको अवसरमा पाएका छन् । पूर्वाधार (निर्माण) उद्योग १ हजार १३९ वटा दर्ता भएका छन् जसमा ५ हजार ३ सय ७३ जनाले रोजगारी पाएका छन् । सूचना, प्रसारण तथा सञ्चार प्रविधि उद्योग १ सय १० दर्ता भएकोमा ५ सय ८ जनाले, ऊर्जामूलक उद्योग ११ वटा दर्ता भएकोमा ४२ जनाले, खानीक्षेत्रका २ उद्योगमा ३ जनाले, सेवामूलक उद्योग १८ हजार ६७४ उद्योगमा ३७ हजार जनाले र पर्यटनक्षेत्रका ४ हजार ४०३ वटा उद्योगमा १३ हजार ७२ जनाले रोजगारीको अवसर पाएको मन्त्रालयले जनाएको छ ।

विश्वव्यापीरुपमा देखिएको आर्थिक मन्दी, बैंक तथा वित्तीय संस्थाबाट ऋण लगानी नहुनु, पुँजीको अभाव जस्ता कारण पनि नयाँ उद्योग दर्ता हुने क्रम वर्षेनी घट्दो क्रममा रहेको मन्त्रालयका प्रवक्ता गजुरेलले बताइन् । लामो समयदेखिको आर्थिक मन्दी, युवा वैदेशिक रोजगारीका लागि विदेशिने क्रम बढ्नु, लगानीमैत्री वातावरण निर्माण हुन नसक्नु जस्ता कारणले नयाँ उद्योग दर्तामा कमी आएको हुनसक्ने उनको भनाई छ ।

## चिनिंया ठेकेदारलाई कारवाही गर्न माग

साझाकुरा संवाददाता

हेटौंडा, ३० चैत/ काठमाडौं तराई द्रुतमार्ग (फास्टट्र्याक) सडक आयोजनाका चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेशनका ठेकेदारलाई कारवाही गर्न माग गरिएको छ ।

नेपाल मेसिनरी एक्जिम कम्पनी, नेपाल फास्टट्र्याक इन्फ्रा कन्सर्न र नेपाल मेसिनरी इन्टरप्राइजेज कम्पनीले सयुक्त रुपमा शनिबार पत्रकार सम्मेलनको आयोजना गर्दै ७ करोड ब्याज हर्जाना सहित भुक्तानी पाउनुपर्ने बताएका छन् । कम्पनीले आयोजनाको लागि फलामजन्य समग्री प्रदान गर्दै आएको थियो । चिनिया कम्पनीले बारम्बार बहाना बनाई विभिन्न समस्या देखाउँदै लिखित आश्वासनलाई समेत अटेर गरेको पत्रकार सम्मेलनमा बताइएको छ ।


चिनिया कम्पनी सम्पूर्ण क्रियाकलाप ठग्ने र धोखा दिने नियतले प्रेरित भएको दाबी उनीहरुले गरेको छन् । ठेकेदार कम्पनीले नेपाल सरकारको सडक आयोजनाको नाममा नेपाली व्यापारीलाई गलत आश्वासन दिई करोडौ ठगी गरी भाग्न सक्ने सम्भावना अत्यधिक हुनसक्ने भन्दै ठेकेदार कम्पनीलाई कालोसूचीमा राख्न माग गरेका छन् । चिनिया कम्पनीले मेसिनरी एक्जिम कम्पनीलाई ५१ लाख १९ हजार ७२७ रुपैयाँ, फास्टट्र्याक इन्फ्रा कर्न्सनलाई २ करोड ४६ लाख र मेसिनरी इन्टर प्राइजेज कम्पनीलाई ३ करोड ४१ लाख ३७ हजार रकम भुक्तानी गर्न बाकी रहेको जनाइएको छ ।

# संघ र प्रदेश सरकारको लगानीबिना नै मनहरीमा ५ पक्कीपुल

साझाकुरा संवाददाता

हेटौंडा, ३० चैत/ मकवानपुरका मनहरी गाउँपालिकाले संघ र प्रदेश सरकारको लगानीबिना नै ५ वटा पक्की पुल निर्माण गरेको छ ।

अघिल्लो सरकारकै पालामा सुरु भएका पाँचवटा पक्कीपुलमध्ये गत आर्थिक वर्षमा तीनवटा र यस आर्थिक वर्षमा एउटा पुल निर्माण सम्पन्न भएको छ । एउटा पुल आगामी वैशाख मसान्तसम्ममा निर्माण सम्पन्न हुनेगरी काम अघि बढिरहेको मनहरी गाउँपालिकाको भौतिक पूर्वाधार शाखाले जानकारी दिएको छ ।



गत आर्थिक वर्षमा मनहरी गाउँपालिका-३ र ४ जोड्ने ट्वांग्राखोला पुल र मसिनेखोला पुल निर्माण सम्पन्न भएको थियो । त्यसैगरी वडा नं. १ र २ जोड्ने च्यापलखोला पुल पनि गत आवमै निर्माण सम्पन्न भइसकेको छ । चालु आव २०८१/८२ को कात्तिक मसान्तमै वडा नं. ३ स्थित ठाडेखोला पुल निर्माण भइसकेको मनहरी गाउँपालिका प्राविधिक शाखाका सबइन्जिनियर टुकराज चौधरीले जानकारी दिए । 'वडा नं. ३ मै रहेको हाँडीखोलामा निर्माणाधीन पुल पनि आगामी २०८२ वैशाख मसान्तसम्ममा सम्पन्न हुने गरी धमाधम काम भइरहेको छ' उनले बताए ।

गाउँपालिकाले दिएको जानकारी अनुसार हाल निर्माणाधीन हाँडीखोला पुलको लम्बाइ ३५ मिटर र एक स्पानको रहेको छ । कुल पाँच करोड ३५ लाख ५१ हजार ५२५ रुपैयाँ लागतमा भैरवनारायण ज्ञानेश जेभी निर्माण कम्पनीले पुल निर्माणको काम गरिरहेको छ । चालु आर्थिक वर्षको कात्तिक मसान्तमा सम्पन्न भएको वडा नं. ३ को ठाडेखोलाको पक्की पुल तीन स्पान रहेको र ९० मिटर लामो रहेको छ । त्यसैगरी अघिल्लो आवमा निर्माण भएका मनहरी-३ र ४ जोड्ने मसिनेखोला पुल दुई स्पानको ७० मिटर लामो रहेको छ भने ट्वांग्राखोला पुल दुई स्पानको ६० मिटर रहेको गाउँपालिकाले जनाएको छ । वडा नं १ र २ जोड्ने च्यापलखोलामा बनेको पुल तीन स्पानमा ९० मिटर लामो रहेको सबइन्जिनियर चौधरीले जानकारी दिए ।

स्थानीय सरकारको अघिल्लो नेतृत्वले सुरु गरेका पाँचवटा पक्की पुल निर्माण हुँदा ३४ करोड रुपैयाँ लगानी रहेको छ । आर्थिक वर्ष २०७७/७८ बाट पुल निर्माण प्रक्रिया सुरु गरिएको थियो । चार वर्षको अवधिमा सबै पक्की पुल निर्माण गरी गाउँपालिकालाई बलियो भौतिक संरचनायुक्त बनाइएको अध्यक्ष रञ्जन कालाखेतीले बताए । गाउँपालिकाले आफ्नै आन्तरिक स्रोत प्रयोग गरी पुल निर्माण गरेको हो ।






साझाकुरा

## हाम्रो कुरा

# पत्रकार हत्यारालाई कारबाही होस्

पत्रकार सुरेश रजकको हत्याको निष्पक्ष छानबीनको माग गर्दै पत्रकार महासंघ मकवानपुरले राष्ट्रिय मानवअधिकार आयोग बागमती प्रदेशलाई ध्यानाकर्षणपत्र बुझाएको छ । महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीको नेतृत्वको टोलीले शुक्रबार आयोगको कार्यालयमा पुगेर पत्रकार रजकको हत्याको निष्पक्ष र स्वतन्त्र छानबीनको माग गर्दै ध्यानाकर्षण गराएको हो । आयोग बागमती प्रदेशका निमित्तप्रमुख पवनकुमार भट्टलाई हत्याका विषयमा छानबीन गर्न महासंघ मकवानपुरले माग गरेको हो । हिंसात्मक प्रदर्शनका क्रममा सञ्चारमाध्यम र सञ्चारकर्मीमाथि भएको आक्रमण र पत्रकार सुरेश रजकको हत्याका सम्बन्धमा स्वतन्त्र छानबीन गरी सात दिनभित्र प्रेस स्वतन्त्रता हननमा संलग्नहरुमाथि कानुनी कारबाही, रजकका परिवारका साथै क्षति पुगेका सञ्चारगृहलाई यथोचित क्षतिपूर्ति र घाइते पत्रकारको निःशुल्क उपचारका लागि नेपाल पत्रकार महासंघले यही चैत १८ गते नेपाल सरकारलाई ध्यानाकर्षणपत्र बुझाएकोमा सरकारले हालसम्म पनि माग पुरा नगरेको महासंघको ठहर छ ।

ध्यानाकर्षणपत्रमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा हनन हुनेगरी सञ्चारगृह र सञ्चारकर्मीमाथि आक्रमण भएको र पत्रकार रजकलाई आगोमा जलाएर हत्या गरिएको घटनाका सन्दर्भमा नेपाल पत्रकार महासंघले निष्पक्ष र स्वतन्त्र छानबीन गरी दोषीमाथि कारबाही, मृतक पत्रकारका परिवार तथा क्षति पुगेको सञ्चारगृहलाई क्षतिपूर्ति, घाइते पत्रकारको निःशुल्क उपचार, सञ्चारगृह र सञ्चारकर्मीको सुरक्षाको प्रत्याभूति तथा विगतदेखि नै प्रेस स्वतन्त्रता हननमा संलग्न रहेकाहरुलाई कानुनी कारबाहीको माग गरेको छ । चैत ३१ गते सरकारलाई नेपाल पत्रकार महासंघले यही चैत १८ गते प्रस्तुत गरेका माग पुरा गर भन्ने सन्देश विभिन्न माध्यमबाट गृहमन्त्रीसमक्ष पठाउन देशभरका पत्रकारलाई आह्वान गर्ने कार्यक्रम तय भएको महासंघले जनाएको छ । यसैगरी तीनकुनेमा भएको प्रेस विरोधी गतिविधिलाई लिएर २०८२ वैशाख २ गते सम्पादकहरुसँग छलफल गर्ने कार्यक्रम रहेको छ । वैशाख ४ गते सञ्चारगृहका सञ्चालक आबद्ध रहेका संस्थासँग छलफल गर्ने महासंघले जनाएको छ । वैशाख ६ गते महासंघका पूर्वसभापति/अध्यक्षहरुसँग छलफल गर्ने र प्रदेश र जिल्ला शाखाले पूर्वसभापति/अध्यक्षसहित अग्रज पत्रकारहरुसँग छलफल गर्ने कार्यक्रम तय भएको छ । यसअघि पनि महासंघको जिल्ला शाखाले प्रमुख जिल्ला अधिकारी र प्रदेश समितिले मुख्यमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाएको थियो । गृहमन्त्री रमेश लेखकसमक्ष चैत १८ गते ध्यानाकर्षणपत्र पेस गरेको थियो । यद्यपि सरकारले पत्रकार महासंघको माग पूरा गर्नेतर्फ पहल गरेको छैन ।

मानवअधिकार आयोगले घटना भएदेखि नै निष्पक्ष छानबीन गरिरहेको बताइएको छ । आयोगले चैत १५ को घटनालाई सूक्ष्म तवरले अनुसन्धान गरिरहेको, मानवअधिकारका सवालमा आयोग गम्भीर रहेको, पत्रकारको सुरक्षाका विषयमा पनि आयोगले सरकारलाई निर्देशन दिइरहेको बताइएको छ । तीनकुने घटनामा आयोगका कर्मचारीमाथि पनि हातपात भएको थियो । आयोगले आफ्नो तरिकाले अनुसन्धान गरिरहेको बताइएको छ । लोकतन्त्रमा निर्वाधरुपले सञ्चारकर्मी र आयोगले नागरिकलाई सुसूचित गराउन पाउनुपर्ने हो । आगामी दिनमा समाचार लेखेकै भरमा ज्यान गुमाउन परिस्थितको अन्त्य गर्न मानवअधिकार आयोग संवदेनशीले रहेको छ । महासंघले सरकारलाई दिएको सातदिने अल्टिमेटम यही चैत २५ गते सकिएको सन्दर्भमा महासंघको केन्द्रीय समितिको बैठकले आफ्ना माग पूरा गराउन सरकारलाई थप दबाब दिनुपर्ने अवस्था सिर्जना भएको निष्कर्ष निकालेको छ । घोषित दबाबमूलक कार्यक्रमलाई सशक्तरुपमा अगाडि बढाउन सम्बन्धित सबैमा महासंघले आह्वान गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ वैशाख १ गते सोमबार १४ अप्रिल २०२५ । प्रतिपदा, वैशाख कृष्णपक्ष । चौल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:४३, सूर्यास्त ६:२८ । नव वर्ष २०८२ । वैशाख संक्रान्ति

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्य बिग्रन सक्ने | **तुला** | : निर्माण कार्यमा प्रगति |
| **वृष** | : रमाइलोगरि समय बित्ने | **वृश्चिक** | : सामाजिक काममा सफलता |
| **मिथुन** | : राजनीतिमा प्रगति हुने | **धनु** | : सन्तानबाट खुशी मिल्ने |
| **कर्कट** | : शारीरिक परिश्रम गर्नुपर्ने | **मकर** | : व्यापारमा केही हानि हुने |
| **सिंह** | : पढाइमा प्रगति हुने | **कुम्भ** | : शत्रु पराजित हुने |
| **कन्या** | : विश्वासमा संकट आउने | **मीन** | : मानसम्मान बढ्ने |

# शिक्षक आन्दोलन र शैक्षिक भविष्य



गणेश अम्गाई

देशभरका शिक्षक यतिबेला काठमाडौं केन्द्रित आन्दोलनमा छन् । शिक्षकले उठाएका मागले शिक्षा क्षेत्रमा गहिरो बहस सिर्जना गरेको छ । ती माग शिक्षकहरूको वृत्ति विकास, सेवा सुरक्षा र समग्र शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यबाट प्रेरित छन् ।

आन्दोलनरत शिक्षकहरूले अस्थायी शिक्षकको स्थायीकरण, राहत शिक्षकको दरबन्दी व्यवस्थापन, विद्यालय कर्मचारीको स्थायित्व, प्रारम्भिक बाल शिक्षाको व्यवस्थित प्रावधान, कक्षा १२ सम्म निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन, शिक्षकको पेन्सन र तलबमानमा सुधार लगायतका माग राखेका छन् ।

यस्तै प्रधानाध्यापक नियुक्ति प्रक्रियाको पुनरावलोकन, शिक्षक बढुवा प्रणालीमा पारदर्शिता, शिक्षक काउन्सिलको आवश्यकता, सरुवा तथा मूल्यांकन प्रक्रियामा निष्पक्षता, दुर्गम भत्ताको औचित्य, दरबन्दीको वैज्ञानिक व्यवस्थापन, निजी विद्यालयका शिक्षकको हकहितको संरक्षण र ट्रेड युनियन अधिकारको सुनिश्चितता जस्ता विषय आन्दोलनका मुख्य माग हुन् ।

यस लेखमा यी मागहरूको विश्लेषण गरी नेपालको वर्तमान आर्थिक, सामाजिक र राजनीतिक परिप्रेक्ष्यमा मूल्याङ्कन गर्ने प्रयास गरिएको छ । प्रत्येक मागको औचित्य र कार्यान्वयनको सम्भाव्यतालाई अन्तर्राष्ट्रिय अभ्यासहरूसँग तुलना गर्दै वस्तुनिष्ठ दृष्टिकोण प्रस्तुत गरिनेछ । शिक्षकका यी मागहरूलाई सम्बोधन गर्न सरकार र अन्य सम्बन्धित पक्षले खेल्नुपर्ने भूमिकाबारे पनि यहाँ चर्चा गरिनेछ ।

### तत्काल शिक्षा सुधारका प्राथमिकता

नेपाल जस्तो अल्पविकसित देशले एकैपटक विश्वका उत्कृष्ट शिक्षा प्रणालीमा भएका सबै माग पूरा गर्न आर्थिक र प्राविधिक रूपमा चुनौतीपूर्ण हुनसक्छ । नेपालको सीमित आर्थिक वृद्धि दर, पूर्वाधारको कमी र अन्य सामाजिक-आर्थिक प्राथमिकताले शिक्षा क्षेत्रमा तत्कालै ठूलो लगानी र व्यापक सुधार गर्न बाधा पुऱ्याउन सक्छन् । धेरै नीतिहरू दीर्घकालीन रूपमा नेपालको शिक्षा प्रणाली सुधारका लागि महत्त्वपूर्ण भए तापनि, तत्काल कार्यान्वयन गर्न कठिनाइहरू छन् । उदाहरणका लागि:

- **शिक्षकको तलबमान सरकारी कर्मचारी सरह बनाउनु :** नेपालको वर्तमान आर्थिक क्षमताले सबै शिक्षकको तलबमान तत्काल वृद्धि गर्दा धान्न गाह्रो हुनसक्छ । यसले राज्यकोषमा ठूलो भार पार्ने र अन्य विकासका प्राथमिकतालाई असर गर्नसक्ने सम्भावना रहन्छ ।
- **कक्षा १२ सम्म निःशुल्क शिक्षाको पूर्ण कार्यान्वयन र शिक्षा बजेटमा वृद्धि:** निःशुल्क शिक्षालाई पूर्ण रूपमा कार्यान्वयन गर्न र शिक्षा बजेटमा उल्लेख्य वृद्धि गर्न ठूलो वित्तीय स्रोत आवश्यक पर्छ । नेपालको बजेट सीमितता र अन्य क्षेत्रमा पनि लगानीको आवश्यकतालाई हेर्दा यो तत्काल सम्भव नहुन सक्छ ।
- **शिक्षक काउन्सिलको स्थापना र स्वतन्त्र निकायमार्फत प्रधानाध्यापक नियुक्ति:** यस्ता संस्थाहरू स्थापना गर्न कानुनी र संरचनागत तयारीका साथै पर्याप्त बजेट र जनशक्ति आवश्यक पर्छ । नेपालको वर्तमान प्रशासनिक क्षमता र राजनीतिक इच्छाशक्तिलाई हेर्दा यसमा समय लाग्न सक्छ ।
- **निजी विद्यालयका शिक्षकलाई समान तलब, भत्ता र सामाजिक सुरक्षा:** निजी विद्यालयको व्यवस्थापन र वित्तीय संरचना फरक हुने भएकाले निजीका शिक्षकलाई सरकारी विद्यालयका शिक्षकसरह सुविधा उपलब्ध गराउन कानुनी र कार्यान्वयनमा चुनौतीहरू आउन सक्छन् । यसले निजी विद्यालयको शुल्क वृद्धि गर्न वा बन्द हुनसक्ने अवस्था पनि सिर्जना गर्नसक्छ ।

यद्यपि, तत्काल गर्न सकिने तीनवटा महत्त्वपूर्ण सुधार निम्नानुसार हुन सक्छन्:

**१. अस्थायी शिक्षक स्थायीकरणको लागि निश्चित मापदण्ड र प्रक्रिया निर्धारण:** सेवा अवधि, योग्यता र कार्यसम्पादन मूल्याङ्कन जस्ता स्पष्ट मापदण्ड बनाएर अस्थायी शिक्षकलाई स्थायी गर्ने प्रक्रिया सुरु गर्न सकिन्छ । यसले शिक्षकहरूको मनोबल बढाउन र शिक्षणको गुणस्तर सुधार गर्न मद्दत गर्नेछ । यसका लागि विद्यमान कानुनमा सुधार र पारदर्शी कार्यान्वयन आवश्यक छ ।

**२. प्रारम्भिक बाल शिक्षामा लगानी वृद्धि:** स्विडेन र नर्वे जस्ता देशहरूको अनुभवबाट सिक्दै प्रारम्भिक बाल शिक्षाको महत्त्वलाई प्राथमिकता दिई यस क्षेत्रमा बजेट बढाउन सकिन्छ । गुणस्तरीय तालिमप्राप्त शिक्षक र पर्याप्त पूर्वाधारको व्यवस्था गरेर बालबालिकाको आधारभूत शिक्षालाई बलियो बनाउन सकिन्छ । यसले दीर्घकालीन रूपमा शिक्षा प्रणालीमा सकारात्मक प्रभाव पार्नेछ ।

**३. शिक्षकहरूको वृत्ति विकास र सेवा सुरक्षासम्बन्धी अध्ययन:** अन्य विकसित देशहरूमा भएका सफल अभ्यास (जस्तै: अस्थायी सेवा अवधिलाई पेन्सनमा गणना गर्ने) को अध्ययन गरी नेपालको विशिष्ट परिस्थितिअनुसार कार्यान्वयन गर्न सकिने नीतिहरू पहिचान गर्न सकिन्छ । तत्काल ठूलो आर्थिक भार नपर्ने तर शिक्षकहरूको मनोबल र पेसागत विकासमा टेवा पुग्ने नीतिलाई प्राथमिकता दिन सकिन्छ ।

यी तीनवटा सुधार तत्काल कार्यान्वयन गर्न तुलनात्मक रूपमा कम चुनौतीपूर्ण हुन सक्छन् र यसले नेपालको शिक्षा प्रणालीमा सकारात्मक परिवर्तनको सुरुवात गर्न मद्दत गर्नेछ । बाँकी सुधारहरूलाई क्रमश: आर्थिक वृद्धि र प्रशासनिक क्षमता विकास हुँदै गएपछि कार्यान्वयन गर्न सकिन्छ ।

### शिक्षक आन्दोलन: आलोचनात्मक दृष्टिकोण

शिक्षक आन्दोलनका केही माग जायज भए तापनि, यसका केही पक्षमा आलोचनात्मक दृष्टिकोण राख्नु आवश्यक छ । एसईईको कमजोर नतिजा र गाउँका विद्यालयहरूमा विद्यार्थी संख्या घट्दै गएको अवस्थामा शिक्षकहरूले केवल आफ्ना सुविधा र वृत्ति विकासमा मात्र ध्यान केन्द्रित गर्नुभन्दा समग्र शिक्षाको गुणस्तर सुधारमा बढी जोड दिनुपर्ने देखिन्छ । घरपायक जागिरलाई मात्र प्राथमिकता दिइनु र शिक्षकहरू राजनीतिक रूपमा सक्रिय हुँदा शिक्षा क्षेत्रको निष्पक्षतामा प्रश्न उठ्न सक्छ । राज्यको शिक्षा पद्धति परिणाममुखी नभएको र पाठ्यक्रममा सुधारको खाँचो रहेको बेला शिक्षक आन्दोलनले यी विषयहरूलाई पनि प्राथमिकतामा राख्नुपर्ने हो ।

नैतिक शिक्षाको अभाव र पूर्वीय दर्शनका मूल्य-मान्यतालाई शिक्षामा समावेश गर्ने आवश्यकतालाई बेवास्ता गर्दै केवल आफ्ना मागमा केन्द्रित हुनुले आन्दोलनको दायरा साँघुरो बनाएको छ । प्रविधिको प्रयोग र शिक्षकहरूको व्यावसायिक तालिमको महत्त्वलाई पनि आन्दोलनले पर्याप्त स्थान दिएको देखिँदैन ।

यी महत्त्वपूर्ण सुधारका क्षेत्रहरूलाई ओझेल पार्दै केवल व्यक्तिगत र संस्थागत मागहरूलाई मात्र अघि सार्नुले आन्दोलन स्वार्थकेन्द्रित भएको देखिन सक्छ । त्यसैले, शिक्षकले आफ्ना मागसँगै शिक्षा प्रणालीमा देखिएका गम्भीर समस्या समाधानका लागि पनि सरकारलाई रचनात्मक दबाब दिनुपर्ने देखिन्छ ।

### कार्यान्वयनका लागि थप सुझाव

**आर्थिक विश्लेषण:** प्रत्येक माग कार्यान्वयनका लागि आवश्यक बजेट र त्यसको व्यवस्थापनको स्पष्ट खाका तयार गर्नुपर्छ । वैकल्पिक वित्तीय स्रोतहरूको पहिचान पनि महत्त्वपूर्ण हुन्छ ।

**सामाजिक प्रभाव:** यी माग कार्यान्वयनले समाजमा पार्ने सकारात्मक र नकारात्मक प्रभावको मूल्याङ्कन गरिनुपर्छ । शिक्षकको मनोबल बढ्दा विद्यार्थीको सिकाइमा पर्ने प्रभावलाई विशेष रूपमा हेर्नुपर्छ ।

**राजनीतिक इच्छाशक्ति र चुनौती:** यी मागहरू कार्यान्वयन गर्न सरकारको राजनीतिक प्रतिबद्धता र कार्यान्वयनमा आउनसक्ने चुनौतीहरूको पहिचान र समाधानको उपाय खोजिनुपर्छ ।

**प्राथमिकता निर्धारण:** सबै मागहरू एकैपटक कार्यान्वयन गर्न सम्भव नहुन सक्छ । त्यसैले तत्काल सम्बोधन गर्नुपर्ने र दीर्घकालीन योजनामा राख्न सकिने मागको प्राथमिकता निर्धारण गर्नुपर्छ ।

**सरोकारवालासँग संवाद:** शिक्षक, सरकार, अभिभावक, विद्यार्थी र शिक्षाविद् लगायत सबै सरोकारवालाहरूसँग बृहत छलफल र सहमति गरेर अगाडि बढ्नुपर्छ ।

### निष्कर्ष

शिक्षकका माग अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यास र नेपालको विशिष्ट आर्थिक, सामाजिक र राजनीतिक अवस्थालाई ध्यानमा राखेर सम्बोधन गर्नुपर्छ । सरकारले यी मागहरूको सम्भाव्यता अध्ययन गरी चरणबद्ध रूपमा कार्यान्वयन गर्न ठोस योजना बनाउनुपर्छ । शिक्षकहरूले पनि आफ्ना मागलाई रचनात्मक र व्यावहारिक रूपमा प्रस्तुत गर्दै सरकारसँग सहकार्य गर्नुपर्छ । शिक्षा क्षेत्रको दीर्घकालीन सुधारका लागि सबै सरोकारवालाहरूको सकारात्मक भूमिका अपरिहार्य छ ।

अन्त्यमा, आन्दोलनकारीहरूले संयमता अपनाउनु र सरकारले उनीहरूका जायज मागलाई गम्भीरतापूर्वक सुन्नु आवश्यक छ । विद्यार्थीको पठनपाठनमा बाधा नपर्ने गरी समस्याको समाधान खोजिनुपर्छ । सरकारले आर्थिक र सामाजिक अवस्थालाई मध्यनजर गर्दै व्यावहारिक र दीर्घकालीन समाधानका लागि पहल गर्नुपर्छ । शिक्षक र सरकारबीचको सकारात्मक संवाद र सहकार्यबाट नै शिक्षा क्षेत्रमा गुणात्मक परिवर्तन सम्भव छ ।

*(साभार: अनलाइनखबर)*

# राजावादी आन्दोलन र माओवादी दायित्व

खगेन्द्र छन्त्याल "अमर"

राज्यव्यवस्थाहरू विभिन्न प्रकारका हुन्छन् । जुनसुकै राज्यव्यवस्था पनि त्यसका सञ्चालकहरूले आफू र आफ्नो वर्गअनुकूल निर्माण गरेका हुन्छन् । समाज विकासक्रमसँगै पुराना राज्यव्यवस्थाहरू जान्छन् र नयाँ आउँछन् । सत्तासीन वर्ग पुरानो राज्यव्यवस्था परिवर्तनको पक्षमा हुँदैन । तर, जनता क्रान्तिकारी हुन्छन् । उनीहरू सधैँ परिवर्तन चाहन्छन् । यद्यपि समाजविकासको रथलाई अगाडि बढ्न कसैले रोक्न र छेक्न सक्दैन । तथापि पुरानो राज्यव्यवस्थाको सत्तामा रहेर जनतामाथि अत्याचार गर्दै सुख-सयल गरेर बसेका मुठ्ठीभरका व्यक्ति र समूहहरूले नयाँ राज्यव्यवस्थाको आगमनलाई अवरोध गर्दछन् ।

निश्चय नै यही क्रममा पुरानो राज्यव्यवस्थाको ध्वंसका निम्ति कहिलेकाहीं सचेत र सशस्त्र विद्रोहको आवश्यकता हुने गर्दछ । त्यो सचेत सशस्त्र विद्रोहले पुरानो राज्यव्यवस्थाको ध्वंस गरेर नयाँ राज्यव्यवस्थाको निर्माण गर्दछ । तर, पुरानो सत्ता र व्यवस्थामा ऐस-आरामका जिन्दगी बिताएर बसेका केही सीमित व्यक्तिहरू नयाँ सत्ता र व्यवस्थामा अन्तरघुलन हुन सक्दैनन् । त्यस कारण उनीहरूले पुरानै शासन, सत्ता र व्यवस्था चाहन्छन् । र, त्यो प्राप्तिका निम्ति लामो समयसम्म निरन्तर प्रयास गरिरहन्छन् ।

दश वर्षको महान् जनयुद्ध र १९ दिने जनआन्दोलनको रापतापले नारायणहिटीको राजगद्दीबाट च्यूत भएका ज्ञानेन्द्र शाह र उनका समर्थक राजावादीहरूका पछिल्ला गतिविधिहरू हेर्नलायक छन् । तीमध्ये गत फागुन ७ गते ज्ञानेन्द्र शाहले पोखराबाट दिएको मुलुकको संविधान विपरीत अभिव्यक्ति, उनको त्यही अभिव्यक्तिबाट उत्साहित भएर उनी पोखराबाट काठमाडौं फर्किंदा उनलाई स्वागत गर्ने नाममा राजावादीहरूले गरेको शक्ति प्रदर्शन, ज्ञानेन्द्रकै निर्देशनमा पूर्वपञ्च नवराज सुवेदीको नेतृत्वमा गठन भएको कथित राजसंस्था पुनर्स्थापनाको निम्ति संयुक्त जनआन्दोलन समितिको गठन, चैत १४ गते ज्ञानेन्द्र शाह र विवादित व्यापारी तथा राजावादी व्यक्ति दुर्गा प्रसाईंको निर्मल निवासमा भएको संदिग्ध भेटघाट र त्यही भेटघाटलगत्तै दुर्गा प्रसाईंलाई राजावादीहरूको आन्दोलन समितिको कमान्डर ठोस गरिनु तथा चैत १५ गते तीनकुने क्षेत्रमा ज्ञानेन्द्र शाहको निर्देशनमा गठित राजावादी आन्दोलन समितिले आयोजना गरेको कथित आन्दोलनको कार्यक्रमकै बीच भएको हत्या, हिंसा, तोडफोड, आगजनी र लुटपाटका घटना मुख्य छन् ।

ज्ञानेन्द्र शाह र उनका समर्थक राजावादीहरूका यी क्रियाकलाप र गतिविधिहरू अप्रत्याशितचाहिँ होइनन् । किनकि हामीले माथि पनि उल्लेख गरेका छौँ कि दुनियाँभरका इतिहासका घटनाहरूले के देखाउँछन् भने, पुरानो राज्यव्यवस्थाका सत्तासीन वर्ग जब-जब सत्ताबाट फ्याँकिन्छस तब-तब उसले आफ्नो पुरानो सत्ता र व्यवस्था पुनरागमनको निम्ति लामो समयसम्म टाउको उठाइरहन्छ । तर, जब-जब ती पश्चगामी टाउकाहरू उठिरहन्छन्, तब-तब अग्रगामी जनताले तिनलाई कहिल्यै नउठ्ने गरी पैँतालामुनि किचिदिन्छन् । निश्चय नै ज्ञानेन्द्र शाहको नेतृत्वमा भैरहेको राजावादी आन्दोलनको जगमा आज नेपालमा राजतन्त्रले टाउको उठाउने कोशिश गरिरहेको छ । के कुरा निश्चित छ भने, इतिहासले रछ्यानमा मिल्काइसकेको नेपालको राजतन्त्रले फेरि टाउको उठाउन खोज्छ भने नेपाली जनताले त्यसलाई टुलुटुलु हेरेर बस्नेवाला छैनन् । उनीहरूले त्यसलाई अब फेरि कहिल्यै नउठ्ने गरी आफ्ना पैतालाले कच्याककिच्चिक परिदिनेछन् ।

लुकेको कुरा होइन, दक्षिणतिरका हिन्दु अतिवादीहरू नेपालको धर्म निरपेक्षताप्रति सकारात्मक छैनन् । उनीहरूको भित्री मनसाय नेपाल हिन्दुराष्ट्र बनोस् भन्ने नै हो । नेपालको निम्ति हिन्दुराष्ट्रको बलियो आधार भनेको हिन्दु राजसंस्था नै हो । उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथले त पटक-पटक नेपालमा हिन्दु राजसंस्था फर्काउने चाहना व्यक्त गरिरहेका छन् । त्यस कारण ठोकेर नै भन्न सकिन्छ कि उनीहरू नेपालमा हिन्दु राजसंस्थासहितको हिन्दुराष्ट्र निर्माण भएको देख्न चाहन्छन् । त्यसैले नै ती दक्षिणतिरका हिन्दु अतिवादीहरूका यो मनसाय बुझेका ज्ञानेन्द्र शाहले उनीहरूसामु आफूलाई नेपालको राजगद्दीमा पुन: बसालिदिन हारगुहार गरिरहेका छन् ।

उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथलाई उनले यही प्रसङ्गमा पटक-पटक लखनउ पुगेर भेटिरहेका छन् । आशीर्वादका निम्ति स्वदेश, विदेशका जीवित र निर्जीव शक्तिकेन्द्र र शक्तिपीठहरू धाइरहेका छन् । अर्को कुरा, गणतन्त्रपछिका प्राय: सरकारले जनअपेक्षा अनुरूपको काम नगर्नु, सरकार वाइड बडी जहाज काण्ड, यती काण्ड, ओम्नी काण्ड, गिरीबन्धु टी स्टेट काण्ड, सेक्युरिटी प्रिन्टिङ प्रेस काण्ड, भुटानी शरणार्थी काण्ड, सुन काण्ड, सरकारी जग्गा काण्ड आदि कैयौं काण्डैकाण्डमा फसेर दुर्गन्धित हुनुले पनि ज्ञानेन्द्र शाह तथा उनका समर्थक राजावादीहरूलाई उत्साहित बनाउँदै, गणतन्त्रको विपक्षमा जनमत तयार गर्दै राजावादी आन्दोलन संगठित गर्न मद्दत गरेको थियो ।

तर, गलत चीजको विकल्प झन् गलत चीज हुन सक्दैन, त्यसको विकल्प राम्रो चीज हो । पुरानो र पिछडिएको प्रतिगामी सोच र चिन्तनको विकल्प झन् पुरानो र झन् पिछडिएको, थोत्रिएको र लत्रिएको सोच र चिन्तन हुनै सक्दैन । त्यसको विकल्प अग्रगामी सोच र चिन्तन मात्र हुन सक्छ । गलत पात्र र प्रवृत्तिको विकल्प झन् गलत पात्र र प्रवृत्ति हुन सक्दैन । त्यसको विकल्प सही पात्र र सही प्रवृत्ति हो । गलत राज्यव्यवस्थाको विकल्प झन् गलत राज्यव्यवस्था होइन, त्यसको विकल्प उचित र वैज्ञानिक राज्यव्यवस्था हो । सामन्तवादको विकल्प दास युग हुन सक्दैन । त्यसको विकल्प पुँजीवाद हो । पुँजीवादको विकल्प सामन्तवाद हुन सक्दैन, त्यसको विकल्प समाजवाद हो । त्यस्तै, गणतन्त्रको विकल्प राजतन्त्र हुन सक्दैन, त्यसको विकल्प समाजवादी जनगणतन्त्र हो ।

आज संसद्को पहिलो र दोस्रो दल नेपाली कांग्रेस र नेकपा ९एमाले० सरकारमा छन् तर उनीहरूले देश, जनता र गणतन्त्रको पक्षमा सकारात्मक सन्देश दिन सकिरहेका छैनन् । देश, जनता र गणतन्त्रले यिनीहरूबाट भोलिका निम्ति पनि केही आशा, अपेक्षा गरेको देखिँदैन । किनकि देश, जनता र गणतन्त्रको पक्षमा हिजो पनि उनीहरूको उल्लेख्य भूमिका थिएन । कथित राष्ट्रिय मेलमिलापको नीतिअन्तर्गत राजतन्त्र मान्ने सर्तमा नेपाली कांग्रेसका तत्कालीन सभापति विश्वेश्वरप्रसाद कोइराला २०३३ पुस १६ मा भारतबाट नेपाल फर्केका थिए । नेपाल फर्किने क्रममा उनले भनेका थिए- राजाको टाउको र मेरो टाउको एउटै अचानोमा छ । उनले नेपालमा कम्युनिस्टहरू बढिरहेकोतिर लक्षित गर्दै भनेका थिए- नेपालमा राजतन्त्र र प्रजातन्त्र दुवै खतरामा छन् ।

उनले राजतन्त्र र प्रजातन्त्र एक-अर्काको पूरक भन्दै राजतन्त्रविना प्रजातन्त्र रहन नसक्ने र प्रजातन्त्रविना राजतन्त्र रहन नसक्ने तर्क गरेका थिए । नेपाली राजतन्त्रको पछिल्लो चरणमा शेरबहादुर देउवा सरकारको विरुद्धमा ज्ञानेन्द्र शाहको कू र त्यसपश्चात् पुन: शेर बहादुर देउवालाई नै प्रधानमन्त्री नियुक्त गरेलगत्तै प्रतिगमन पूरै सच्चियो भन्ने सिंगो नेपाली कांग्रेस र देउवाको अभिव्यक्तिले नेपाली कांग्रेसको तत्कालीन राजतन्त्रप्रतिको दृष्टिकोणलाई प्रस्ट पारेकै थियो । २०६२/०६३ को जनआन्दोलनको बेला गणतन्त्रको पक्षमा जनलहर सिर्जना भैरहँदा बिस्तारै नेपाली कांग्रेसको मन गणतन्त्रतिर आकर्षित भैरहेको अवस्थामा पनि नेकपा (एमाले) राजतन्त्रको पक्षमा अडिग देखिन्थ्यो ।

देउवाको पुनर्स्थापनालाई उसले प्रतिगमन आधा सच्चिएको दाबी गर्दै प्रधानमन्त्रीको निम्ति दरखास्त दिन राजदरबार धाइरहन्थ्यो । त्यति नै बेला कमरेड केपी ओली एउटा सिद्धान्त प्रतिपादन गर्दै भन्नुहुन्थ्यो, 'नेपालमा गणतन्त्र स्थापना गर्न सकिन्छ भन्नु र बयल गाडा चढेर अमेरिका पुग्न सकिन्छ भन्नु उस्ताउस्तै हो ।' त्यस कारण, यी तथ्यहरूको आधारमा भन्न सकिन्छ- हिजो गणतन्त्र स्थापना गर्दा नेपाली कांग्रेस र नेकपा (एमाले) को भूमिका सुस्पस्ट थिएन । जनता र जनआन्दोलनको आँधीबेहेरीले उनीहरूलाई गणतन्त्रको घेराभित्र जबर्जस्त धकेलिदिएको मात्र हो ।

तसर्थ, आज गणतन्त्रप्रति उनीहरूको प्रतिबद्धता कस्तो छ रु भोलि गणतन्त्रमाथि आक्रमण भइरहँदा त्यसको रक्षार्थ कांग्रेस र एमालेको भूमिका कस्तो रहन्छ रु कुनै दिन गणतन्त्र र राजतन्त्रबीच फेरि एकपटक निर्णायक लडाइँ भइहाल्यो भने उनीहरू के गर्लान् रु यसै भन्न सकिने स्थिति छैन । तथापि, नेपाली कांग्रेस र नेकपा (एमाले) लाई पनि सहभागी गराएर गणतन्त्रवादी मोर्चा बलियो बनाउनका निम्ति माओवादीलगायत गणतन्त्रवादीहरू लचिलो हुनु आजको आवश्यकता हो । राजावादी आन्दोलनको मुख्य मक्सद गणतन्त्रलाई विस्थापित गरेर राजतन्त्र पुनर्स्थापना गर्नु हो । राजतन्त्र पुनर्स्थापना गर्नु भनेको पछाडि फर्किनु हो, आजको भन्दा पनि झन् गलत राज्यव्यवस्था पुनर्स्थापना गर्नु हो । गणतन्त्रको एजेन्डा माओवादीको हो । त्यस कारण नै नेपालमा गणतन्त्र स्थापनाका निम्ति माओवादीका हजारौं नेता तथा कार्यकर्ताहरू सहिद भएका हुन् । हजारौं नेता तथा कार्यकर्ताहरू अङ्गभङ्ग अवस्थाका जिउँदा सहिद भएका छन् ।

हजारौं नेता तथा कार्यकर्ताहरू बेपत्ता भएका छन् । हजारौं नेता तथा कार्यकर्ताहरूले आफ्ना व्यक्तिगत जीवन बर्बाद पारेका छन् । तसर्थ, हिजो नेपालमा गणतन्त्र स्थापनाको निम्ति सबभन्दा बढी योगदान माओवादीकै थियो भन्ने कुरा कतै लुकेको र छिपेको चीज होइन । त्यसै गरी, आज त्यसको रक्षा र आवश्यकताअनुसार विकास गर्ने मुख्य दायित्व पनि माओवादीकै हो । हो, माओवादीका पनि कैयौं कमी-कमजोरी र सीमाहरू रहेका छन् । यसबारे स्वयम् माओवादी भित्रै बहस र छलफल चलिरहेका छन् । तर, कैयौं कमी-कमजोरी र सीमाहरूको बाबजुद पनि माओवादीको विकल्प माओवादी नै हो, किनकि गणतन्त्रको रक्षा र विकास गर्दै मुलुकको आमूल परिवर्तन गर्ने शक्ति माओवादी नै हो । माओवादीभन्दा क्रान्तिकारी शक्ति आज नेपालमा अर्को छँदै छैन, हुनै सक्दैन ।

*(साभार: न्यूज अफ नेपाल)*

# सेक्युरिटी मजदुर संघ मकवानपुर अध्यक्षमा पुन:रबिन्द्र केसी



साझाकुरा संवाददाता

हेटौंडा, ३० चैत/अखिल नेपाल सेक्युरिटी मजदुर संघ जिल्ला समिति मकवानपुरको छैठौं जिल्ला सम्मेलन सम्पन्न भएको छ ।

सम्मेलनले रबिन्द्र केसीको नेतृत्वमा ११ सदस्यीय कार्यसमिति चयन गरेको हो । शनिबार हेटौंडा औद्योगिक क्षेत्रको सभाहलमा सम्पन्न सम्मेलनबाट अध्यक्ष केसी नेतृत्वको नयाँ कार्यसमितिको उपाध्यक्ष नकुल अगस्ती, सचिव शिवप्रसाद अधिकारी, सहसचिव कमला जलारी, कोषाध्यक्ष बच्चुराम बर्तौला निर्वाचित भएका छन् । कार्यक्रममा प्रमुख अतिथि नेकपा (माओवादी केन्द्र) केन्द्रीय सदस्य तथा बागमती प्रदेश सासंद कुमारी मोक्तानले मजदुरको समस्या समाधान गर्ने र मजदुरको हकहितको लागि लड्ने पार्टी भनेको माओवादी केन्द्र मात्र भएको बताइन् ।

मजदुरको हरेक समस्या समाधानको लागि पार्टीले मजदुरलाई अग्रभागमा राखेर सदैब मजदुरको अधिकारको लागि लड्ने समेत उनले प्रतिबद्धता व्यक्त गरिन् ।

सम्मेलनमा अखिल नेपाल सेक्युरिटी मजदुर संघ केन्द्रीय उपाध्यक्ष लालबाबु पटेल, बागमती प्रदेश सासंद प्रेमबहादुर पुलामी (छिन्तु), मकवानपुर जिल्ला सचिव बीरबहादुर घलान (ज्वाला), जिल्ला समन्वय समिति प्रमुख ललितबहादुर घलान, नेकपा (माओवादी केन्द्र) बागमती प्रदेश सदस्य तथा मजदुर फ्याक्सन इन्चार्ज विवेक राई, ट्रेड युनियन महासंघ मकवानपुरका अध्यक्ष रामशरण घिमिरे, राक्सिराङ गाउँपालिका उपाध्यक्ष बनस्तम थिङलगायत ट्रेड युनियनका नेताहरुको उपस्थिति रहेको थियो ।

नवनिर्वाचित अध्यक्ष केसीले सेक्युरिटी मजदुरको हरेक सुख दु:खमा अखिल नेपाल सेक्युरिटी मजदुर संघ सधै साथमा रहेको र मजदुरले कानुनीरुपमा पाउनुपर्ने सेवासुविधा दिलाउन अखिल नेपाल सेक्युरिटी मजदुर संघ प्रतिबद्ध भएर लाग्ने बताए ।

# डा. टोनी हेगन स्मृति पार्कको साधारणसभा सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ३० चैत/हेटौंडा उपमहानगरपालिका-१० स्थित डा.टोनी हेगन स्मृति पार्क विकास मञ्चको चौथो साधारणसभा सम्पन्न भएको छ ।

बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री बिमलचन्द्र ठकुरीको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो । कार्यक्रममा बोल्दै मन्त्री ठकुरीले पार्कमा भइरहेको कार्यको प्रशंसा गर्दै आगामी आर्थिक वर्षमा पार्कको लागि बजेट बिनियोजन गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । मञ्चका अध्यक्ष ईन्द्रप्रसाद नेपालको अध्यक्षतामा सम्पन्न साधारणसभाले सहसचिव सुरेश लामा म्लोनले प्रस्तुत गरेको सचिवको प्रतिवेदन, कोषाध्यक्ष ज्ञानेन्द्रबहादुर कार्कीले प्रस्तुत गरेको कोषाध्यक्षको प्रतिवेदन तथा गणेशमान श्रेष्ठले प्रस्तुत गरेको लेखा प्रतिवेदनलाई पारित गरेको छ ।

पार्कमा टोनी हेगनको सालिक बनाउने मूर्तिकार लक्ष्मण भुजेल तथा ६ वटा निर्माण उपभोक्ता समितिमा रहेर पार्क निर्माणमा स्वच्छ भावनाले अतुलनीय योगदान पुऱ्याउने नेत्रज्योति टोल विकास संस्थाका सचिव मोहनबहादुर खड्कालाई सम्मानपत्र प्रदान गरिएको थियो । पार्क निर्माण एवम् कार्यक्रममा सहयोग पुऱ्याउने ढुङ्गेधारा निर्माण गर्ने मूर्तिकार बाबुलाल वाईबालगायत संघसंस्था, प्राविधिक परामर्शदाता तथा व्यक्तिलाई मायाको चिनो वितरण गरिएको थियो ।

प्रद्युम्न उपाध्यायले सञ्चालन गरेको तथा कृष्णप्रसाद दाहालले स्वागत गरेको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-१० का वडाअध्यक्ष फुर्वादोर्जे तामाङले वडाको तर्फबाट पार्क निर्माणमा निरन्तर सहयोग भइरहने प्रतिवद्धता ब्यक्त गरे । मञ्चका अध्यक्ष नेपालका अनुसार पार्क निर्माणाधीन अवस्थामा रहेको, पार्क परिसरमा संरचनालगायत बगैँचाहरु बढ्दै जाँदा पार्क सञ्चालन खर्च पनि बढ्दै गएकाले अबका दिनमा सञ्चालन खर्च जुटाउन कठिनाई भइरहेको छ । यसका लागि एउटा छुट्टै कोषको व्यवस्था गर्नुपर्ने अध्यक्ष नेपालको तर्क थियो ।

पार्कमा विशेषत सहरी आवश्यकता परिपूर्ति हुने खुलाचौर बगैँचा (काठचिरान गर्ने समिलको मूर्ति र नेपालको झण्डा), एमपी थिएटर, जेष्ठनागरिक दिवासेवा, योग, ध्यानकेन्द्र, सत्तल (फल्चा), ढुङ्गेधारा एवम् ढुङ्गे बगैँचा, वाटर फाउन्टेन, वानस्पतिक बगैँचा, सार्वजनिक शौचालय, पार्किङस्थल, पैदलमार्ग, पसल कवल आदि संरचनामध्ये केही निर्माण भइसकेका र केही निर्माणाधीन अवस्थामा छन् । निर्माणका लागि हालसम्म २ करोड १० रुपैयाँ लगानी भइसकेको छ ।

# हेटौंडा अटो मोवाइल्सद्वारा भित्तेपात्रो वितरण



साझाकुरा संवाददाता

हेटौंडा, ३० चैत/हेटौंडा अटोमोवाइल्स एसोसिएन मकवानपुरले नयाँवर्ष २०८२ को शुभकामना आदानप्रदान तथा भित्तेपात्रो वितरण गरेको छ ।

शनिवार हेटौंडामा संस्थाले २०८२ को भित्तेपात्रो प्रकाशन गरी वितरण गरेको हो । संस्थाका अध्यक्ष ऋषि कुमार ढकालको सभाध्यक्षता एवम् नाडा मोवाइल्स एसोसिएसन नेपालका सहकोषाध्यक्ष पकंज अग्रवालको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । अध्यक्ष ढकालले नयाँवर्षको शुभकामना दिदै अटो मोवाइल्स एसोसिएसन संधै कानुनले तोकेको र राज्यले दिएको दायरामा बसेर काम गर्ने बताए । उनले सरकारले लागू गरेको एमआरपी नियमसंगत फलो गर्न र एमआरपी नलागेका सामान विक्रीवितरण नगर्न व्यवसायीलाई आग्रह गरे ।

यसैगरी प्रमुखअतिथि अग्रवालले नेपाल सरकारलाई अटोमोवाइल्सले सरकारलाई ५ प्रतिशत करतिर्दै आएता पनि चाहेअनुरुपको सेवाप्रवाह गर्न नसकेको जिकिर गरे । अटोमोवाइल्सलाई व्यस्थित गर्न सरकारको नीति स्पष्ट हुनुपर्ने उनको भनाई छ । कार्यक्रममा उद्योग वाणिज्य संघ मकवानपुरका उपाध्यक्ष उज्ज्वल चौलागाई, राजु अधिकारी, महासचिव प्रतिमा श्रेष्ठ, अटोमोवाइल्सका प्रतिनिधिलगायतको आतिथ्यता रहेको थियो ।

# ५१ जना पत्रकारले गराए स्वास्थ्यपरीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, ३० चैत/नेपाल पत्रकार महासंघ मकवानपुरले ७० औं स्थापना दिवसको अवसरमा आयोजना गरेको स्वास्थ्य जाँच शिविरमा ५१ जनाले स्वास्थ्य परीक्षण गराएका छन् ।

नेपाल पत्रकार महासंघ, बागमती प्रदेशको समन्वयमा जिल्ला शाखा मकवानपुरले नसर्ने रोगको परीक्षण तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम आयोजना गरेको हो । हेटौंडा-४ स्थित महासंघ मकवानपुरको कार्यालय परिसरमा आयोजित शिविरमा सञ्चारकर्मी, सञ्चारकर्मीका परिवारका सदस्यले पनि स्वास्थ्य जाँच गराएका थिए ।



शिविरमा बडीमास इन्डेक्स बीएमआई, मधुमेह परीक्षण, पाठेघरको मुखको जाँच, रक्तचाप जाँच र मृगौला सम्बन्धी जाँच गरिएको थियो । जनस्वास्थ्य कार्यालय मकवानपुर र हेटौंडा उपमहानगर पालिका, जनस्वास्थ्य शाखाको सहयोगमा शिविर भएको हो । स्वास्थ्यपरीक्षण शिबिर महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीको सभाध्यक्षतामा भएको हो ।

यसअघि चैत्र १६ गते स्थापना दिवसका दिन स्वास्थ्य शिविर राख्ने भनिएतापनि चैत्र १५ गते राजावादीहरुको आन्दोलमा पत्रकार सुरेश रजकको मृत्यु भएपछि कार्यक्रम स्थगित गरिएको थियो । रजकको मृत्युमा छनवीन समिति गठन हुनुपर्ने माग राख्दै महासंघ निरन्तर आन्दोलित बन्दै आएको छ ।

# फेकोफन धादिङद्वारा रानीवनको अवलोकन

साझाकुरा संवाददाता

हेटौंडा, ३० चैत/सामुदायिक वन उपभोक्ता महासंघ, धादिङले मकवानपुरमा रहेको सामुदायिक वनको अवलोकन गरेको छ ।

सहभागीले हेटौंडा-६ मा रहेको रानी सामुदायिक वनको अवलोकन गरेका हुन् । सहभागीलाई रानी सामुदायिक वनका अध्यक्ष केशव धिताल, सचिव अमुना सापकोटा, कार्यालयसचिव भीमसेन पौडेल र कर्मचारी हरिचन्द्र सापकोटाले वनले गरेका विभिन्न कार्यको बारेमा जानकारी गराएका थिए ।



फेकोफन धादिङका अध्यक्ष भवनाथ अधिकारीको नेतृत्वको भ्रमणटोलीमा फेकोफन केन्द्रीय सदस्य शर्मिला विश्वराल, फेकोफन धादिङका उपाध्यक्ष नवराज धिताल, निवर्तमान अध्यक्ष नारायणप्रसाद पोखरेल, पूर्वअध्यक्ष भक्त सिम्खडा, जिल्ला कोषाध्यक्ष कल्पना सापकोटा र विभिन्न सामुदायिक वनका पदाधिकारीको सहभागिता थियो । फेकोफन केन्द्रीय सदस्य रामहरि चौलागाई, मकवानपुर अध्यक्ष साधुराम चौलागाईको उपस्थिति थियो ।

# बि लेवलको स्नोकर प्रतियोगिता सम्पन्न




साझाकुरा संवाददाता

हेटौंडा, ३० चैत/हेटौंडामा बि लेवलको स्नोकर प्रतियोगिताको आयोजना गरिएको छ । हेटौंडा स्नोकर हाउसको आयोजनामा हेटौंडा-१० मा सम्पन्न प्रतियोगितामा ४४ जना प्रतियोगीको सहभागिता रहेको कार्यक्रम संयोजक सरोज श्रेष्ठले बताएका छन् ।

प्रतियोगितामा सरमेन्द्र लामा विजेता बनेका थिए । दिनेश खड्का फाइनलिस्ट, धीरज स्याङतान र प्रतीक सोमी फाइनलिस्ट घोषित भएका थिए । रन्जित पोखरेल अनुशासित खेलाडी घोषित भएका थिए ।

विजेता, फाइनलिस्ट, सेमि फाइनलिस्टले क्रमश: ३० हजार, १० हजार र ५ हजार नगद प्राप्त गरेका छन् । हेटौंडा-१० चित्र भवनमा संचालित प्रतियोगिता ३ दिनसम्म चलेको थियो ।

# बंशगोपाल दुग्ध सहकारी संस्थाद्वारा अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, ३० चैत/हेटौंडा-६ चौघडामा रहेको बंशगोपाल दुग्ध उत्पादक सहकारी संस्थाले किसानसँग अन्तरक्रिया गरेको छ ।

रानी सामुदायिक वनको सभाहलमा भएको कार्यक्रममा किसानले दुधको भुक्तानी समयमै नपाएको, दानाचोकरको ब्यवस्थापन, विभिन्न रोगको उपचार, पशुवीमा लगायत विषयमा जिज्ञासा राखेका थिए । हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम् सहकारीका अध्यक्ष रामहरि चौलागाईको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा वडासदस्य लेखराज ढकाल, जिल्ला संघ प्रतिनिधि बासुदेव अधिकारी, पूर्वअध्यक्ष केशव सञ्जेल, निवर्तमान अध्यक्ष श्याम प्रसाद न्यौपाने, शिखर ईन्स्युरेन्स हेटौंडाका प्रमुख प्रमोद पोखरेल, ब्यवस्थापक लक्ष्मण सापकोटा, दुग्ध उत्पादक किसानको सहभागिता थियो । कार्यक्रममा संस्थाद्वारा सञ्चालित अवलोकन भ्रमणको समीक्षा गरिएको थियो ।

# वीरगञ्जमा कर्फ्यु लगाउनुपर्ने अवस्था कसरी आयो ?

काठमाडौं/विश्व हिन्दू परिषद् नेपाल, वीरगञ्ज महानगर समितिले आयोजना गरेको शोभायात्रा कार्यक्रममा दुई समुदायबीच झडप हुँदा कर्फ्यु आदेश जारी भएको छ ।

अपराह्न करिब ४:५० बजे वीरगञ्ज महानगरपालिका-२ श्रीराम हलस्थित जामा मस्जिद अगाडि पुग्दा दुई समूहबीच झडपको अवस्था सिर्जना भएको थियो । प्रहरीका अनुसार शोभायात्रामा हिँडेकाहरूलाई मस्जिदबाट ढुंगा प्रहार भएपछि सुरु भएको झडप तनावग्रस्त बनेको हो ।

अवस्था तनावग्रस्त बनेपछि प्रहरीले ५:४० बजे पाँच सेल अश्रुग्यास फायर गरेको थियो । झडपका क्रममा एक थान मोटर साइकलमा आगजनी समेत भएको थियो । सोही ठाउँमा एउटा फ्रिज पनि पसलबाट बाहिर निकालेर आगजनी भएको प्रहरीले जनाएको छ ।

घटनास्थलमा खटिएका ८ जना प्रहरी घाइते भएका छन् ।



जसमध्ये तीन जनाको नारायणी क्षेत्रीय अस्पतालमा उपचार जारी छ ।

अवस्था असामान्य बन्दै गएपछि करिब ६ बजेर १० मिनेटमा प्रहरीले पानीको फोहोरा हानेर भिड तितरवितर पारेको थियो । लगत्तै साढे ६ बजेदेखि आइतबार १२ बजेसम्मका लागि कर्फ्यु आदेश जारी भएको छ ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको आदेशअनुसार स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(क) बमोजिम मिति २०८१ साल चैत्र ३० गते साँझ ६:३० बजेदेखि मिति २०८१ साल चैत्र ३१ गते दिउँसो १२:०० बजेसम्म कर्फ्यु लागू गरिएको हो ।

प्रशासनले अत्यावश्यक सेवामा संलग्न सवारीसाधन र व्यक्तिहरूले आवश्यक कागजातसहित परिचय खुल्नेगरी मात्र आवतजावत गर्न पाउने स्पष्ट पारेको छ । उल्लंघन गर्नेलाई कानुनी कारबाही गरिने चेतावनी समेत प्रशासनले दिएको छ ।

# अभिषेकको उत्कृष्ट शतकमा हैदराबादको शानदार जित



काठमाडौं/ओपनर अभिषेक शर्माको शानदार शतकमा सनराइजर्स हैदराबादले इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा दोस्रो जित निकालेको छ ।

शनिबार भएको दोस्रो खेलमा पञ्जाब किङ्समाथि ८ विकेटको जित दर्ता गर्दै हैदराबादले ६ खेलमा दोस्रो जित निकालेको हो । पञ्जाबले दिएको २४६ रनको विशाल लक्ष्य हैदराबादले १८.३ ओभरमा २ विकेटको क्षतिमा पूरा गऱ्यो ।

अभिषेकले आक्रामक ब्याटिङ गर्दै ५५ बलमा १४ चौका र १० छक्कासहित १४१ रन बनाए । उनले ४० बलमै शतक पूरा गरेका थिए । अर्को ओपनर ट्राभिस हेडले ६६ रन बनाए । यी दुई मिलेर पहिलो विकेटका लागि १७१ रनको साझेदारी गरेका थिए ।

अभिषेकले चौथो ओभरमै जीवनदान पाएका थिए । चौथो बलमा यश ठाकुरको बलमा क्याच आउट भएपनि उक्त बल नो बल भएको थियो । त्यसपछि उनले थप आक्रमण सुरु गरे । उनी अन्य केही बलमा पनि भाग्यमानी साबित भइरहेका थिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको पञ्जाबले २० ओभरमा ६ विकेट गुमाएर २४५ रन बनाएको थियो । कप्तान श्रेयस अय्यरले सर्वाधिक ८२ रन बनाए । प्रभसिमरन सिंहले ४२ रन बनाउँदा मार्कस स्टोइनिस ३४ रनमा अविजित रहे ।

हैदराबादका हर्शल पटेलले ४ विकेट लिए भने इशान मलिंगाले २ विकेट लिए । यस जितपछि ६ खेलमा ४ अंक भएको हैदराबाद अंकतालिकामा आठौं स्थानमा उक्लिएको छ भने ५ खेलमा ६ अंक भएको पञ्जाब छैटौं स्थानमाछ ।

*(स्रोत: अनलाइनखबर)*

# फोनिजको केन्द्रीय अध्यक्षमा लक्की चौधरी निर्वाचित

भैरहवा/नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (महासंघ)को केन्द्रीय अध्यक्षमा लक्की चौधरी निर्वाचित भएका छन् । अर्का अध्यक्षका उम्मेद्वार अमरध्वज लामाले उम्मेदवारी फिर्ता लिएपछि लक्की चौधरी अध्यक्षमा निर्विरोध निर्वाचित भएका हुन् ।

यस्तै फोनिजको वरिष्ठ उपाध्यक्षमा सरू रानामगर निर्वाचित भएकी छिन् । वरिष्ठ उपाध्यक्षमा एक्लो उम्मेदवारी परेपछि उनी निर्विरोध निर्वाचित भएकी हुन् ।

फोनिजको लेखा समिति संयोजकमा गजेन्द्र राई निर्वाचित भएका छन् ।




यस्तै प्रदेश १ को प्रदेश इन्चार्जमा राई निर्वाचित भएका छन् भने लुम्बिनी प्रदेशको इन्चार्जमा राजेन्द्र गुरुङ निर्वाचित भएका छन् ।

यस्तै उपाध्यक्ष, महासचिव, सचिव र खुल्ला सदस्यमा निर्वाचन हुने निर्वाचन अधिकृतले जानकारी दिए ।

# २०८१ का यी पाँच फिल्म, जसको कमाइ १ लाख पनि भएन

काठमाडौं/वर्ष २०८१ नेपाली फिल्म क्षेत्रका लागि समग्रमा उत्साहपूर्ण नै रह्यो । शुक्रबार रिलिज भएका दुई फिल्म 'पिताम्बर' र 'कर्मा'लाई छाड्ने हो भने यो वर्ष नेपाली फिल्मले मात्र झन्डै २ अर्बको व्यापार गरेका छन् । सबैभन्दा ठूलो कमाइ 'पूर्णबहादुरको सारङ्गी'ले गऱ्यो । '१२ गाउँ', 'छक्का पञ्जा ५', 'बोक्सीको घर', 'अञ्जिला', 'पूजार सार्की' जस्ता फिल्मले पनि बक्स अफिसमा राम्रो व्यापार गरे ।

तर, अघिल्ला वर्षझैं यस वर्ष पनि चल्नेभन्दा डुब्ने फिल्मको संख्या नै उच्च छ । चैत २९ गतेसम्म ६२ वटा फिल्म रिलिज भएकोमा झन्डै ४० वटा फिल्म 'क्लियर फ्लप' रहे । त्यसमध्ये केहीले १ लाख पनि कमाउन सकेनन् । यस वर्ष सबैभन्दा कम व्यापार गर्ने फिल्म 'शीरफूल' हो । चलचित्र विकास बोर्डको तथ्यांक अनुसार यसले ८९ वटा टिकट बिक्रीबापत १८ हजार ५ सय कमाएको छ ।

दोस्रो कमजोर व्यापार गर्ने फिल्ममा 'ख्या वाला' छ, जसको कुल कमाइ २७ हजार ६ सय रुपैयाँ रहेको छ भने तेस्रोमा २१ हजार ६ सय रुपैयाँ ग्रससहित 'गाले वाना' छ । यी दुईवटै आदिवासी फिल्म हुन् । त्यस्तै, नाम जुधेकै कारण चर्चामा रहेको 'एक्टर' पनि एक लाख नकमाउने फिल्ममा परेको छ । यसको कुल कमाइ ३३ हजार



रहेको छ भने पाँचौमा ९२ हजार ग्रससहित फिल्म 'आँखा' छ ।

यस वर्ष नाम चलेका कलाकारको फिल्मले समेत निकै निराशाजनक व्यापार गरेका छन् । अभिनेता दयाहाङ राईको 'राजागञ्ज'ले १६ लाख ग्रस कमाएको छ भने 'दु:खी आत्मा'को कमाइ ७१ लाख छ । त्यस्तै, सौगात मल्लको 'बम बहादुर'ले ५ लाख कमाएको छ । पल शाह स्टारर फिल्म 'मायावी'को व्यापार ७१ लाख ग्रस छ । यसरी हेर्दा यस वर्ष कलाकारहरुको 'स्टारडम' नचलेको देखिन्छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad,
Hetauda-4
tonerhouse_htd@yahoo.com

# स्थानीय सरकारको बजेट शिक्षा र स्वास्थ्यमा बढी दिनुपर्नेः नेता बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, ३० चैत/ नेपाली कांग्रेस बागमती प्रदेशसभापति एवम् मकवानपुर २ (ख) प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले स्थानीय सरकारले अबको बजेटमा शिक्षा, स्वास्थ्य र विकास निर्माणमा विशेष ध्यान दिनुपर्ने बताएका छन् ।

कांग्रेस मकवानपुर प्रतिनिधिसभा २ को ख का पार्टी प्रतिनिधि र जनप्रतिनिधिबीचको मनहरी-८ को आमाघर आश्रममा शनिबार भएको अन्तरसंवादमा संबोधन गर्दै नेता बानियाँले जनताको आवश्यकता पूरा गर्नसके मात्रै पार्टी संगठन बलियो हुने भएकाले अब बन्न लागेको बजेटमा शिक्षा, स्वास्थ्य र विकास निर्माणमा जनप्रतिनिधिले विशेष ध्यान दिनुपर्ने बताए ।

राप्रपाको सानो झुण्डले बोकेर हिडेको सामन्ती सोचको राजा प्रजातान्त्रिक हुन नसक्ने र नेपाली जनताले नपत्याउने बताउँदै बागमती प्रदेशसभापति बानियाँले गणतन्त्रमा नागरिक भैसकेको राजालाई केही अराजक झुण्डले बोकेर मालिक बनाउन लागिपरिरहेको आरोप लगाएका छन् ।

गाउँगाउँमा रहेका आमकार्यकर्ता तथा जनतालाई कांग्रेसको धारणा बारे जानकारी दिदैं संगठन सुदृढिकरण र विस्तारमा लाग्न अगुवा कार्यकर्तालाई निर्देशन दिँदै नेता बानियाँले सरकारमा पुगेर मात्र पार्टी बलियो नबन्ने भन्दै जनताका आवश्यकता स्वास्थ्य, शिक्षा र रोजगारीमा जोड दिएर पार्टीलाई नयाँ गतिमा लान सकिने भएकाले जनताको पीरमर्का बुझ्दै विकास निर्माणमा लाग्न जनप्रतिनिधिलाई सुझाएका छन् ।

कार्यक्रममा पार्टी र जनप्रतिनिधिबीचको सम्बन्ध, स्थानीय समस्या, विकास निर्माण र कांग्रेसको भावी रणनीति बारे पश्चिमीक्षेत्रमा रहेका पार्टीका वडासभापति, पदाधिकारी, अगुवा कार्यकर्ता र जनप्रतिनिधिबीच अन्तरसंवाद भएको थियो । कार्यक्रममा जिल्ला सभापति बुद्ध लामा, बागमती प्रदेश सदस्य सन्त चेपाङ, संघीय सभापति एवम् कैलाश गाउँपालिका अध्यक्ष लोक मोक्तान, महासमिति सदस्यहरु प्रभातकुमार दाहाल, राजेश भेटवाल, टेकनाथ शिवाकोटी, राक्सीराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ल, मनहरी, राकस्सीराङ र कैलाश गाउँपालिका सभापतिहरु प्रकाश वर्तौला, बीरेन्द्र जिम्वा र राजेन्द्र घिसिङ, मनहरी-७ का वडाअध्यक्ष ठाकुरराम तितुङलगायतले अगुवा कार्यकर्ताबाट आएको प्रश्नको जवाफ दिएका थिए ।

कांग्रेस मकवानपुर प्रदेश २ ख का सभापति रञ्जन कालाखेतीको सभाध्यक्षता एवम् कांग्रेस बागमती प्रदेश सभापति बानियाँको प्रमूख आतिथ्यतामा भएको कार्यक्रममा प्रतिनिधिसभा क्षेत्र-२ प्रदेशसभा (ख) अन्तर्गत् कांग्रेसका महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, पालिका अध्यक्ष, उपाध्यक्ष, जिल्ला सदस्य, संघीय पदाधिकारी, पालिका सभापति, क्षेत्रीय कार्यसमितिका सदस्य, पालिका पदाधिकारी, नेपाली कांग्रेसबाट निर्वाचित तथा प्रत्यासी वडाअध्यक्ष, सदस्य र भ्रातृ संघसंस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# मानवसेवा आश्रममा ४ करोड बढी रकम संकलन

साझाकुरा संवाददाता



हेटौंडा, ३० चैत/ हेटौंडा-९ स्थित मानवसेवा आश्रममा चैत्र १७ गतेदेखि २४ गतेसम्म सञ्चालन भएको श्रीमद्भागवत ज्ञानमहायज्ञमा ४ करोड रुपैयाँ भन्दा बढी रकम संकलन भएको छ ।

शनिवार मानवसेवा आश्रमले पत्रकार सम्मेलनको आयोजना गर्दै ४ करोड ८ लाख ९५ हजार ५ सय ८७ रुपैंयाँ संकलन भएको जानकारी दिएको हो । महाज्ञमा नगद, चेक र क्युवारबाट १ करोड १७ लाख ८१ हजार ३ सय ४८ रुपैयाँ रकम संकलन भएको र प्रतिबद्धता रकम २ करोड ८७ लाख ६२ हजार १ सय २३ रुपैयाँ रहेको आश्रमका सचिव प्रकाश पौडेलले जानकारी दिए ।

यस्तै सरकारी निकाय, स्थानीय वडा र पालिकाबाट २ करोड ३५ लाख ८७ हजार ३ सय ६६ रुपैयाँ, नारायणी यातायात व्यवसायी संघसहितका संघसंस्थाहरुबाट १८ लाख ५५ हजार ४ सय ७ रुपैयाँ, र व्यक्तिगत २९ लाख १९ हजार ५० रुपैयाँ प्रतिबद्धता रकम रहेको सचिव पौडेलले बताए । प्रतिबद्धता रकममध्ये ७ लाख २५ हजार ७ सय २ रुपैयाँ संकलन भएको उनले बताए । त्यसैगरी जिन्सी ३ लाख ३१ हजार ६ सय ६१ रुपैयाँ बराबरको संकलन भएको छ । पत्रकार सम्मेलनमा आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारीले महायज्ञले मानवता प्रबर्द्धनमा ठुलो टेवा पुगेको बताए ।

मानवसेवा आश्रमले १० करोडको अक्षयकोष बनाउने योजना बनाएको जनाएको छ । महायज्ञ मुल आयोजक संयोजक बद्रीनाथ शर्माको सभाध्यक्षतामा भएको पत्रकार सम्मेलनमा मानवसेवा आश्रमका प्रतिनिधि, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायत सञ्चारकर्मीको उपस्थिति रहेको थियो ।

# शान्ति टोलको सप्ताहमा १७ लाख ४४ हजार बचत

साझाकुरा संवाददाता

हेटौंडा, ३० चैत/ हेटौंडा-६ शान्तिटोलमा लगाइएको श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञमा १७ लाख ४४ हजार रुपैयाँ बचत भएको छ ।

शान्तिटोल टोल विकास संस्थाले फागुन ७ गतेदेखि १५ गतेसम्म लगाएको श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञमा यो रकम संकलन भएको हो । सप्ताहको आयब्यय विवरण शनिवार संस्थाको कार्यालय शान्तिटोलमा सार्वजनिक गरिएको हो । सप्ताहमा विभिन्न दाताबाट २७ लाख ११ हजार, ४२५ कलश विक्रीबाट १ लाख २१ हजार ८ सय, धान बिक्रीबाट ७४ हजार ४ सय, घण्टी दानबाट ३६ हजार १ सय, ब्राम्हण भोजनबाट २७ हजार ७७५, दानपेटीकाबाट ३० हजार २५०, चामल विक्रीबाट ७ हजार ५ सय अन्य आम्दानी १७ हजार ६४६ गरी कूल ३० लाख २६ हजार ८९६ आम्दानी भएको थियो ।

यसैगरी ब्राम्हण दानमा १ लाख ४० हजार, कलाकार पारिश्रमिकमा १ लाख २७ हजार, छपाईमा २ लाख ३३ हजार, साउण्ड सिष्टममा ९५ हजार, रामनामी खरिदमा ८० हजार कलश खरिदमा ९६ हजार टेण्ट भाडामा १ लाख ४७ हजार खर्च भएको बताइएको छ । रुद्राक्षमाला खरिदमा ४० हजार, पूजा सामान खरिदमा ३१ हजार, सामान खरिदमा ३९ हजार, कपडा खरिदमा ३६ हजार, बाजामा २३ हजार, भजनटोलीमा १५ हजार, सर सफाइमा १५ हजार, प्रचारप्रसारमा २० हजार र विविधमा १ लाख ४७ हजार ४८० खर्च भएको कोषाध्यक्ष पूर्णभद्र चौलागाईले बताए ।

बाँकी रहेको रकमले हेटौंडा-६ मा रहेको विपी गणेशमान स्मृति शान्तिपार्कमा ज्येष्ठनागरिक भवन र राधाकृष्ण मन्दिर निर्माण गरिने संस्थाले जनाएको छ । शान्तिटोल विकास संस्थाका अध्यक्ष केशव धितालको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा भूमि आयोग मकवानपुरका सदस्य अर्जुनप्रसाद चौलागाई, नेकपा एमाले हेटौंडा-६ का अध्यक्ष विश्वराज राई, ज्येष्ठनागरिक मञ्च हेटौंडा-६ का अध्यक्ष बासुदेव सापकोटा, मुनलाईट ईन्टरनेशनल स्कूलका प्रवन्धनिर्देशक भरत सापकोटा, स्थानीय, पत्रकारलगायतको सहभागिता रहेको थियो ।

Government of Nepal
Ministry of Home Affairs’
**Bagmati Province Police Office**
Hetauda, Makwanpur

**Invitation for Online-Bids**

**Contract Identification No: - NCB/BPPO/02/2081/082**
**Date of First Publication: - 13th Apr. 2025 (2081/12/31)**

Government of Nepal, Ministry of Home Affairs’, **Bagmati Province Police Office Hetauda, Makwanpur** invites online-bids for Construction of Police Hospital Main (OPD) Block, Compound Wall, Staff Quarter and Allied Works at Bagmati Province Police Hospital, Hetauda, Makwanpur from registered, eligible and interested firms. For more detail bidders may visit and download from e-GP system http://www.bolpatra.gov.np/egp.

| S.N. | IFB No. | Description of Works | Construction Site |
|---|---|---|---|
| 1 | NCB/BPPO/ 02/2081/082 | Construction of Police Hospital Main (OPD) Block, Compound Wall, Staff Quarter and Allied Works at Bagmati Province Police Hospital, Hetauda, Makwanpur. | Bagmati Province Police Hospital, Hetauda (Hatiya), Makwanpur. |

**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

**हेटौंडाबाट छुट्ने समय**
बिहान : ७:३० बजे
बिहान : १०:०० बजे
दिउँसो : १:३० बजे

**सिन्धुलीबाट छुट्ने समय**
बिहान: ९:०० बजे
दिउँसो : २:३० बजे
दिउँसो : १२:१५ बजे

**चकमकेबाट छुट्ने**
बिहान : ६:०० बजे
बिहान : ९:०० बजे

**नोट :**
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



“नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !”


काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५०९६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

**सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**सादर आमन्त्रण**



मेरा पूजनीय पति **सुर्जबहादुर सारुमगर** यहि मिति २०८१/१२/२५ गते स्वर्गारोहण हुनुभएको बखतमा सागरमा पाल्नुहुने, घरमा आई तथा विभिन्न माध्यमबाट समवेदना प्रकट गर्नुहुने सबैलाई निम्न मिति, समय र स्थानमा **सातौं दिनको पुण्यतिथि**मा पितृप्रसाद ग्रहणका लागि सादर आमन्त्रण गर्दछौं ।

**पितृप्रसाद ग्रहण कार्यक्रमः**
**मिति** : २०८१/१२/३१ गते आइतबार
**समय** : दिउँसो २ बजेपछि ।
**स्थान** : हेटौंडा-८, ओमनगर, २ नम्बर रोड, सिद्धार्थ मार्ग ।

**प्रार्थीः**
**धर्मपत्नी** : **सरस्वती थापामगर**
**छोराहरू** : **कृष्ण/उमेश/अरूण सारूमगर**
**छोरी** : **मनिषा सारूमगर**

